स्थानीय आर्थिक सर्वेक्षण

आर्थिक वर्ष २०८०/८१

कालीगण्डकी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

बिर्घा, स्याङ्जा

गण्डकी प्रदेश

स्थानीय आर्थिक सर्वेक्षण

आर्थिक वर्ष २०८०/८१

कालीगण्डकी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

बिर्घा, स्याङ्जा

गण्डकी प्रदेश

प्राक्कथन

कालीगण्डकी गाउँपालिकाबाट विकासका समग्र पक्षमा हासिल गरेको उपलब्धिको विवरण समावेश गरी आर्थिक बर्ष २०८०/८१ देखि स्थानीय आर्थिक सर्वेक्षण प्रकाशन सुरुवात गरिएको छ । संघीय संरचनाको स्थापनाकालदेखि चालु आर्थिक बर्ष सम्म संचालित विकास योजना तथा कार्यक्रमहरुबाट हाँसिल भएका उपलब्धिहरुलाई तथ्य-तथ्याङ्कमा उतार गरी मापनयोग्य परिसूचकहरु सहितको आर्थिक सर्वेक्षण तयारी आफैमा चुनौतिपूर्ण एवं जटिल कार्य हो । यस्तै बिभिन्न खालका जटिलता र चुनौतिका बाबजुद पनि गाउँपालिकाका बासिन्दाहरुलाई सरकारका काम कार्यबाहीका बारेमा सुसूचित गर्ने उद्देश्यले नयाँ कामको थालनी गरिएको हो ।

यस प्रतिवेदनलाई विश्वनीय बनाउनको लागि तथ्याङ्क संकलनको क्रममा नेपाल सरकार र गण्डकी प्रदेश सरकारका विभिन्न निकायहरुले प्रकाशन गरेका प्रतिवेदनहरुलाई आधार लिईएकोछ । विशेषगरि गाउँपालिकाले किसान सूचिकरण, वास सर्वेक्षण, फेमली प्रोफाइल, भिलेज प्रोफाइल, विद्यालयको इमआईएस, एचएमआईएस जस्ता तथ्याङ्क संकलनका प्राथमिक स्रोत प्रयोग गरी संकलन गरिएको तथ्याङ्कलाई यस सर्वेक्षणमा प्रस्तुत गरिएको छ ।

गाउँपालिका स्थापना भएपश्चात सडक निर्माण तथा स्तरोन्नति, खानेपानी, कृषि तथा पशुपन्छी विकास, स्वास्थ्य, शिक्षाका क्षेत्रमा नागरिकहरुले अनुभूती गर्ने गरी विकास भएको छ ।बढ्दै गएको शहर केन्द्रित बसाइसराई, वैदेशिक रोजगार जस्ता कारणले स्थानीय आर्थिक विकासमा देखिएका चुनौतिका बाबजुद पनि गाउँपालिकाले नवप्रवर्द्धनमा आधारित उद्यम तथा कृषि विकास कार्यक्रमहरु सञ्चालन गरि त्यसप्रति नागरिकको आकर्षण बढाइ उत्पादनमा वृद्धि गर्ने नीति लिएकोछ।

अन्त्यमा, प्रस्तुत आर्थिक सर्वेक्षण कालीगण्डकी गाउँपालिकाको समग्र आर्थिक तथा सामाजिक स्थितिको सम्बन्धमा जानकारी लिन तथा थप विश्लेषण गर्न चाहने सबै सरोकारवाललाई उपयोगी हुने विश्वास लिएको छु । आर्थिक सर्वेक्षण तयार गर्ने कार्यमा संलग्न तथ्य, तथ्याङ्क, सूचना उपलब्ध गराई सहयोग गर्नु भएका विषयगत समितिका पदाधिकारी, शाखा तथा वडा कार्यालयका कर्मचारीहरुलाई धन्यवाद दिन चाहान्छु।

असार, २०८१

खिम बहादुर थापा

अध्यक्ष

मन्तब्य

कालीगण्डकी गाउँपालिकाको आर्थिक तथा सामाजिक क्षेत्रको चित्रण गर्नको लागि आर्थिक वर्ष २०८०/८१ को चैत मसान्तसम्मका तथ्याङ्कहरु संकलन, विश्लेषण गरी यस वर्षदेखि आर्थिक सर्वेक्षण प्रकाशनको सुरुवात गरिएको छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय आर्थिक विकास कार्यविधि जस्ता विभिन्न कानुनी प्रावधानहरुमा आर्थिक सर्वेक्षण सभामा पेश गर्ने सकिने भएको ब्यबस्था र सरोकारवाला निकाय, शोधकर्ताहरुलाई गाउँपालिकाले आर्थिक तथा समाजिक क्षेत्रमा हासिल गरेको उपलब्धि प्रस्तुत गर्ने उद्देश्यले स्थानीय आर्थिक सर्वेक्षण २०८०/८१ प्रकाशन गर्न लागिएकोछ।

गाउँपालिकाले पहिलो पटक प्रकाशन गर्न लागेको स्थानीय आर्थिक सर्वेक्षणमा त्रुटि तथा कमीकमजोरीहरुलाई सके सम्म न्यून गर्न तीनै तहका सरकारी निकायहरु तथा नेपाल राष्ट्र बैंक, विभिन्न संघ संस्था र अन्तर्राष्ट्रिय विकास साझेदारहरुबाट प्रकाशित प्रतिवेदन, बुलेटिन तथा अन्य सामाग्रीहरुलाई समावेश गरिएको छ । प्राप्त सूचना तथा तथ्याङ्कका आधारमा चार्ट, तालिका र अनुसूची तयार गरी प्रस्तुत गरिएकोछ ।

चालु आर्थिक वर्षको आर्थिक सर्वेक्षणमा विगत वर्षको पूर्ण अवधिको आर्थिक समाजिक स्थिति र चालु आर्थिक वर्षको ९ महिनासम्मको समष्टिगत तथा क्षेत्रगत उपलब्धिलाई तुलनात्मक रुपमा विश्लेषण गरिएको छ । गाउँपालिका स्थापना भएको समयदेखि हालसम्म ७ वर्ष अवधिको तथ्याङ्क अभिलेखिकरण तथा अभ्यासको अभावका कारण प्रस्तुत गर्न सकिएको छैन ।आगामि बर्ष बिगतका वर्षहरुको तथ्याङ्क अभिलेखीकरण र संकलन गरि स्थानीय अर्थतन्त्रको अबस्था र प्रबृत्ति बिश्लेषण सहितको स्थानीय आर्थिक सर्वेक्षण तयारी एवं प्रकाशन गरिने छ ।

स्थानीय आर्थिक सर्वेक्षणलाई थप वस्तुपरक तथा विश्लेषणात्मक बनाउन आधिकारिक तथ्याङ्कहरुको प्रस्तुत गर्ने प्रयास गरिएको छ। गाउँपालिकाको कार्यालयले संकलन गर्ने किसान सूचिकरण, वास सर्वेक्षण, विद्यालयको इमिस, स्वास्थ्य संस्थाको एचएमआईएस, फेमली प्रोफाईलबाट प्राप्त तथ्याङ्कहरुलाई आधार लिइएको छ ।

कालीगण्डकी गाउँपालिकाको कार्यालय

२०८१, असार

विषयसूची

प्राक्कथन	
मन्तब्य	
विषयसूची	i
तालिका सूची	ii
चार्ट सूची	iii
कार्यकारी सारांश	iv
१.समग्र आर्थिक स्थिति	१
२. स्थानीय वित्त	३
३. आर्थिक विकास	११
४. सामाजिक विकास	१८
५. पूर्वाधार विकास	२३
६. वातावरण तथा विपद् व्यवस्थापन	२५
७. सुशासन तथा संस्थागत विकास	२७
तालिकाहरु	३०

तालिका सूची

तालिका २.१: स्थानीय आय विवरण I

तालिका २.२ कालिगणडकी गाउँपालिकाको आन्तरिक आम्दानीक विवरण II

तालिका २.३: राजश्व बाँडफाँडबाट प्राप्त आयको विवरण III

तालिका २.४: रोयल्टी बाँडफाँडबाट प्राप्त रकम III

तालिका २.५: नेपाल सरकारबाट प्राप्त वित्तीय हस्तान्तरणको अवस्था IV

तालिका २.६: गण्डकी प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरणको अवस्था V

तालिका २.७: चालु खर्चको अवस्था V

तालिका २.८: पुँजीगत खर्चको अवस्था X

तालिका ३.१: स्थानीय सडक पूर्वाधारको अवस्था XI

तालिका ३.२: कृषि क्षेत्रको अवस्था XII

तालिका ३.३: पशुपालन क्षेत्रको अवस्था XIII

तालिका ४.१: स्वास्थ्य तथा पोषण क्षेत्रका सूचकहरु XIV

तालिका ४.२: खेल क्षेत्रको अवस्था XV

तालिका ४.३: शिक्षा क्षेत्रका मुख्य सूचकहरु XVI

तालिका ५.१: भवन, आवास तथा बस्ती विकास अवस्था XVII

तालिका ७.१: वडा कार्यालय सम्बन्धी विवरण XIX

तालिका ७.२: स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन नतिजा XX

तालिका ७.३: वित्तीय जोखिम मूल्याङ्कनको नतिजा XX

तालिका ७.४: स्थानीय ऐन तथा कानूनको विवरण XXI

चार्ट सूची

चार्ट २.१: आन्तरिक आम्दानी वृद्धि ३

चार्ट २.२: राजश्व बाँडफाँडबाट प्राप्त आयको अंश ४

चार्ट २.२: रोयल्टी बाँडफाँटबाट प्राप्त रकम ६

चार्ट २.४: नेपाल सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण(रू. लाखमा) ६

चार्ट २.५: गण्डकी प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण ८

चार्ट २.६: चालु खर्चको अवस्था ९

चार्ट २.७: पूजींगत खर्चको अबस्था १०

चार्ट ३.१: स्थानीय सडक पूर्वाधारको अवस्था १२

चार्ट ३.२: कृषि क्षेत्रको अवस्था १६

चार्ट ४.१: स्वास्थ्य तथा पोषण क्षेत्रका सूचकहरु १८

चार्ट ५.१: भवन, आवास तथा बस्ती विकास अवस्था २३

चार्ट ७.१: स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन नतिजा २८

चार्ट ७.२: वित्तीय जोखिम मूल्याङ्कन नतिजा २९

कार्यकारी सारांश

१. आर्थिक वर्ष २०८०/८१ मा आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) ३.८७ प्रतिशत रहने अनुमान छ ।त्यसैगरि, आर्थिक वर्ष २०८०/८१ मा कृषि र गैरकृषि क्षेत्रको उत्पादन (कुल मूल्य अभिवृद्धि) क्रमश: ३.०५ प्रतिशत र ३.७५ प्रतिशतले बढ्ने अनुमान छ ।

२. कालीगण्डकी गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ मा आन्तरिक राजश्व परिचालन रु १ करोड ६ लाख हुने अनुमान गरिएकोमा चालु आर्थिक वर्षको चैत मसान्तसम्म रु. ६६ लाख ८ हजार (६२.३ प्रतिशत) मात्र राजश्व संकलन भएको छ ।

३. चालु आर्थिक वर्ष २०८०/८१ मा राजश्व बाँडफाँडबाट रु ८ करोड ३४ लाख राजस्व संकलन हुने अनुमान गरिएकोमा चालु बर्षको चैत मसान्तसम्म रु. ५ करोड ५ लाख (६०.६ प्रतिशत) प्राप्त भएकोछ । विद्युत रोयल्टीबाट चालु आर्थिक वर्षमा रु ५ करोड प्राप्त हुने अनुमान रहेकोमा सो भन्दा बढी रु ५ करोड २८ लाख प्राप्त भएको छ

४. चालु आर्थिक वर्ष २०८०/८१ मा रु. ३५ करोड ३६ लाख वित्तीय हस्तान्तरण हुने अनुमान रहेकोमा चालु आर्थिक वर्षको चैत मसान्तसम्म रु २१ करोड ६ लाख (५९.५ प्रतिशत) वित्तीय हस्तान्तरण भएको छ ।

५. चालु आर्थिक वर्ष २०८०/८१ मा रु. ३७ करोड ४६ लाख चालु खर्च हुने अनुमान रहेकोमा चालु वर्षको चैत मसान्तसम्म रु. २२ करोड ११ लाख अर्थात ५९.०२ प्रतिशत खर्च भएको छ ।

६. चालु आर्थिक वर्ष २०८०/८१ मा रु. २२ करोड ४२ लाख पुँजीगत खर्च अनुमान गरिएकोमा चालु वर्षको चैत मसान्तसम्म रु ७ करोड ८० लाख अर्थात ३४.८ प्रतिशत खर्च भएको छ

७. आर्थिक वर्ष २०७९/८० सम्म कालोपत्रे सडक कुल ६६ कि.मी. रहेकोमा चालु आर्थिक वर्षको चैत मसान्तसम्ममा ६८ कि.मी. पुगेको छ । त्यसैगरि, गत आर्थिक वर्षसम्म ग्राभेल सडक कुल २४ कि.मी. र धुले सडक कुल १४० कि.मी रहेकोमा चालु वर्षको चैत मसान्तसम्म क्रमश २६ कि.मी. र १४४ कि.मी पुगेकोछ । गाउँपालिका क्षेत्रमा ३० मिनेटको दूरीमा यातायातमा पहुँच पुगेको जनसंख्या शत प्रतिशत रहेको छ ।

८. बाह्रै महिना सञ्चालनमा रहेका सिँचाई आयोजना १० रहेको छ । विर्घाटार लिफ्टिङ्ग सिँचाई योजना सम्पन्न भई करिब १२० रोपनी जग्गामा सिँचाई सुविधा उपलब्ध भएको छ ।

९. चालु आर्थिक वर्षसम्म कालीगण्डकी गाउँपालिका भित्र रहेका सहकारीहरुको कुल शेयर पुँजी रु. ११ करोड ६५ लाख र बचत पुँजी रु. ७ करोड ८९ लाख रहेको छ । कुल शेयर सदस्य ३९९५ मध्ये पुरुष शेयर सदस्य १७२० जना र महिला शेयर सदस्य २२७५ जना रहेका छन् । सहकारी, बैंक तथा वित्तीय संस्थामा खाता हुने व्यक्तिको संख्या १२ हजार ७६ पुगेको छ । करिब ७० प्रतिशत घर परिवारले बैंक तथा वित्तीय संस्थामा खाता खोलेको अनुमान छ ।

१०. राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिका भित्र कुल बेरोजगारी ४५.७ प्रतिशत र आर्थिक क्रियाकलाप संलग्न जनसंख्या ३१.५ प्रतिशत रहेको छ । औपचारिक क्षेत्रको हिस्सा ३० प्रतिशत रहेको छ ।

११. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत प्राप्त गरेको रोजगार दिन गत आर्थिक वर्षमा ७४४२ दिन रहेकोमा चालु आर्थिक वर्षको चैत मसान्त सम्म ११६० दिन रहेकोछ ।

१२. नयाँ दर्ता भएका व्यवसाय गत आर्थिक वर्षमा ३७ वटा रहेकोमा चालु आर्थिक वर्षको चैत मसान्त सम्म २४ वटा थप भएका छन् ।

१३. गत बर्ष र चालु आर्थिक वर्षको चेत्र सम्ममा १५ मे.ट. फूल उत्पादन, ४९ मे.ट कागती उत्पादन र आधुनिक कृषि प्रणालीमा दक्षता प्राप्त गरेका कृषक ५० प्रतिशत पुगेको छ ।

१४. चालु आर्थिक वर्षमा ४१५ कृषकलाई ५० प्रतिशत अनुदानमा ५८०० किलोग्राम गौतम जातको गहुँको बिउ उपलब्ध गराइएको छ। त्यसैगरि, ७५० कृषक परिवारले ५ हजार किलो मकैको विउ ५० प्रतिशत अनुदानमा प्राप्त गरेका छन् ।

१५. गाई, भैसी पालनबाट दैनिक सरदर ३,००० लिटर दुध उत्पादन हुने गरेकोछ। हेफरसँग साझेदारीमा २२ वटा विभिन्न कृषि तथा पशुपालन सम्बन्धी क्रियाकलापहरु सञ्चालनमा रहेका छन् ।

१६. गाउँपालिकाबाट मापदण्ड पुगेका २९० घर-परिवारले इन्डक्सन चुल्हो प्रापत गरेको छन् । गाउँपालिका भित्र ४७० वटा गोबर ग्यास प्लान्ट सञ्चालनमा रहेका छन् । १०० वटा सडक बत्ति, २४ वटा सौर्य सडक बत्ती जडान गरिएकोछ ।२० युनिट सम्म विद्युत उपयोगमा अनुदान प्राप्त गर्ने परिवार संख्या ४७५७ रहेको छ ।

१७. आर्थिक वर्ष २०७९/८० मा दुई वर्ष मुनिका कम तौल हुने बालबालिका संख्या २५ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको चैत मसान्तसम्म घटेर ६ प्रतिशत पुगेकोछ ।

१८. गत आर्थिक वर्षमा ४६७३ घर परिवारले स्वास्थ्य बीमा गरेकामा चालु आर्थिक वर्षको चैत मसान्तसम्म ४४०० घर परिवारको स्वास्थ्य बीमा भएकोछ ।

१९. आधारभूत तहको खानेपानी ९० प्रतिशत घर परिवारमा उपलब्ध भएको छ । स्वच्छ खानेपानीमा पहुँच हुने परिवारको संख्या ८० प्रतिशत पुगेको छ । चालु आर्थिक वर्षमा नयाँ र पुराना गरी ३८ वटा खानेपानी योजनाहरु सञ्चालनमा रहेकाछन् ।

२०. चालु आर्थिक वर्षको चैत मसान्त सम्म संस्थागत क्षमता विकास तालिम हासिल गरेका महिलाको संख्या ६५६ जना रहेको छ । ५०० जनाले जेष्ठ नागरिक सहायक सामग्री प्राप्त गरेका छन् । साथै, २५ जना अपाङ्गता भएका व्यक्तिलाई सहायक सामग्री वितरण गरिएको छ ।

२१. गत आर्थिक वर्षमा जन्मदर्ता भएका बालबालिका संख्या ६६० रहेकमा चालु आर्थिक वर्षको चैत मसान्तसम्म ४२७ रहेको छ । गत आर्थिक वर्षमा व्यक्तिगत घटना दर्ता संख्या १३४९ रहेकोमा चालु आर्थिक वर्षको चैत मसान्तसम्म ८६६ रहेको छ ।

२२. यस गाउँपालिकामा विद्यालयमा अध्ययनरत जम्मा विद्यार्थी संख्या ३६०१ रहेको छ ।जसमध्ये, छात्राको संख्या १७१३ र छात्रको संख्या १८८८ रहेको छ । सामुदायिक विद्यालयमा शिक्षक ११८, बाल शिक्षक ३६, विद्यालय सहयोगी कर्मचारी ३६ र विद्यालय सहायक कर्मचारी ११ जना कार्यरत रहेको छन् ।

२३. आर्थिक बर्ष २०७९/८० मा स्थानीय तहको संस्थागत क्षमत स्व-मूल्याङ्कनमा यस गाउँपालिकाको प्राप्ताङ्क ६८.७ रहेकोमा चालु आर्थिक बर्षमा सुधार भई ८६.१ पुगेको छ।

१.समग्र आर्थिक स्थिति

अन्तराष्ट्रिय आर्थिक स्थिति

१.१ अन्तराष्ट्रिय मुद्रा कोषका अनुसार सन् २०२४ को विश्व अर्थतन्त्र-विचलनका बिच लचिलो प्रभावसहित-सुस्त तर दीगो हुने अनुमान रहेको छ । विश्वव्यापी महामारीको परिणामले आपूर्ति श्रृङ्खलामा पुर्याएको क्षति, रुस-युक्रेन बीचको युद्धले सृजना गरेको विश्वव्यापी उर्जा र खाद्यान्नको अभाव, मुद्रास्फितिको वृद्धि जस्ता कारणले विश्व अर्थतन्त्रलाई पारेको संकुचनका बीच विश्व आर्थिक वृद्धि दर सन् २०२४ मा ३.१ प्रतिशत हुने अनुमान रहेको छ । मुद्रा स्फिति ५.९ प्रतिशत बाट ४.५ प्रतिशतमा झर्ने अनुमान रहेको छ ।

नेपालको आर्थिक स्थिति

आर्थिक वृद्धि

१.२ आर्थिक वर्ष २०८०/८१ मा आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) ३.८७ प्रतिशत रहने अनुमान छ । कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमश: २४.१ प्रतिशत, १३.० प्रतिशत र ६२.९ प्रतिशत रहने अनुमान छ । आर्थिक वर्ष २०८०/८१ मा कृषि र गैरकृषि क्षेत्रको उत्पादन (कुल मूल्य अभिवृद्धि) क्रमश: ३.०५ प्रतिशत र ३.७५ प्रतिशतले बढ्ने अनुमान छ ।

मूल्य स्थिति

१.३ आर्थिक वर्ष २०८०/८१मा वार्षिक औषत उपभोक्ता मुद्रास्फिति ५.९२ प्रतिशत रहने अनुमान छ । चालु आर्थिक वर्षको ९ महिनासम्म मुद्रास्फीति अघिल्लो वर्षको सोही अवधिको तुलनामा कम रहेकोछ । २०८० साल चैतसम्ममा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ४.६१ प्रतिशत रहेकोछ ।

उपभोग

१.४ चालु आर्थिक वर्ष २०८०/८१ वर्षमा कुल गार्हस्थ्य उत्पादनमा कुल उपभोगको अंश ९२.४ प्रतिशत रहने अनुमान रहेकोछ । गत वर्ष ६.५ प्रतिशले बढेको कुल उपभोग चालु आर्थिक वर्ष ६.४ प्रतिशतले बढ्ने अनुमान छ ।

बचत

१.५ गत आर्थिक वर्ष कुल गार्हस्थ्य बचत कुल गार्हस्थ्य उत्पादनको ७.४ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा ७.६ प्रतिशत पुग्ने अनुमान छ । आर्थिक वर्ष २०८०/८१ मा कुल राष्ट्रिय बचत कुल गार्हस्थ्य उत्पादनको ३६.१५ प्रतिशत रहने अनुमान छ ।

लगानी

१.६ आर्थिक वर्ष २०८०/८१ मा कुल लगानी गत वर्षको तुलनामा २.८ प्रतिशतले बढेर रु १७ खर्ब ४१ अर्ब ४८ करोड पुग्ने अनुमान छ । आर्थिक वर्ष २०७९/८० मा कुल स्थिर लगानी कुल गार्हस्थ्य उत्पादनको २५.१ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा ०.६ प्रतिशत बिन्दुले घटेर २४.५ प्रतिशत हुने अनुमान छ ।

प्रतिव्यक्ति आय

१.७ आर्थिक वर्ष २०७९/८० मा प्रति व्यक्ति कुल राष्ट्रिय आय (प्रचलित मूल्यमा) अमेरिकी डलर १३८९ रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा यस्तो आयमा सीमान्त वृद्धि भई अमेरिकी डलर १४३४ पुग्ने अनुमान छ ।

सार्वजनिक वित्त

१.८ आर्थिक वर्ष २०८०/८१ को ९ महिनासम्ममा नेपाल सरकारको चालु खर्च रु ६४४ अर्ब ३ करोड, पुँजीगत खर्च रु ९७ अर्ब ३८ करोड र वित्तीय व्यवस्था खर्च रु १६७ अर्ब ९९ करोड गरी नेपाल सरकारको कुल खर्च रु ९०९ अर्ब ३९ करोड रहेको छ । सरकारी खर्च गत वर्षको सोही अवधिको तुलनामा ३.६ प्रतिशतले घटेको छ ।

१.९ चालु आर्थिक वर्ष २०८०/८१ को ९ महिनासम्ममा नेपाल सरकारको कुल राजश्व परिचालन रु ७४८ अर्ब ४ करोड भएको छ । गत वर्षको सोही अवधिको तुलनामा चालु आर्थिक बर्षमा राजश्व परिचालन ९.४ प्रतिशतले बढेकोछ ।

१.१० नेपाल सरकारले आर्थिक वर्ष २०८०/८१ को ९ महिनासम्म रु. १७६ अर्ब आन्तरिक ऋण र रु. ६२ अर्ब ९४ करोड बाह्य गरी कुल रु २३८ अर्ब ९४ करोड ऋण परिचालन गरेको छ ।

२. स्थानीय वित्त

स्थानीय आय

२.१ गाउँपालिकामा आर्थिक वर्ष २०८० चैत मसान्त सम्म कुल राजश्व अनुमानको ६२.३ प्रतिशत राजस्व परिचालन भएको छ । चालु आर्थिक वर्षमा आन्तरिक राजश्व परिचालन रु १ करोड ६ लाख हुने अनुमान गरिएकोमा चालु वर्षको चैत मसान्त सम्म रु. ६६ लाख ८ हजार मात्र राजश्व संकलन भएको छ । चालु आर्थिक वर्षको अन्त्यसम्ममा ८३.० प्रतिशत आन्तरिक राजश्व परिचालन हुने अनुमान रहेको छ । आर्थिक बर्ष २०७९/८० को असार मसान्त सम्म आन्तरिक आम्दानी अनुमानको ८३.५ प्रतिशत रहेको थियो ।

२.२ आर्थिक वर्ष २०७४/७५ मा गाउँपालिकाको आन्तरिक आम्दानी रु ४६ लाख ७३ हजार रहेकोमा गत आर्थिक वर्ष २०७९/८० मा रु ८६ लाख १ हजार रहेको छ । आर्थिक वर्ष २०७४/७५ देखि कार्यान्वयन भएको संघीय संरचनाअनुसार कालीगन्डकी गाउँपालिकाको आन्तरिक आम्दानीमा खसै बृद्धि हुन सकेको छैन् ।आर्थिक वर्ष २०७६/७६ मा ४३.५ प्रतिशतले बढेको आन्तरिक आम्दानी घट्दै गई आर्थिक वर्ष २०७८/७९ मा ८.२ प्रतिशतले कमी हुन गएको छ । आर्थिक वर्ष २०७९/८० मा सुधार भई अघिल्लो वर्षको तुलनामा २९.० प्रतिशतले बृद्धि भएको छ ।

स्रोतः कालिगण्डकी गाउँपालिका, २०८०

२.३ आर्थिक वर्ष २०७९/८० मा भूमिकर / मालपोत कर रु. ८ लाख संकलन हुने अनुमान गरिएकोमा रु ७ लाख ८ हजार मात्र संकलन भएको थियो । चालु आर्थिक वर्ष २०८०/८१ मा भूमिकर / मालपोत कर रु ८ लाख २४ हजार अनुमान गरिएकोमा चैत मसान्तसम्म रु. ११ लाख २१ हजार उठेको छ । चालु आर्थिक वर्षको नौ महिना सम्म अनुमान गरेको भन्दा रु २ लाख ९७ हजार बढी कर संकलन बएको छ । गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधा लिनको लागि सुरुमा अनिवार्य कर तिर्नु पर्ने बाध्यात्मक ब्यबस्था गरेको र राजश्व लेखांकन गर्न सुत्र प्रणालिको प्रयोग जस्ता कारणले सम्पत्ति, भूमीकर मालपोतको अनुमानित लक्ष्य भन्दा बढी राजस्व परिचालन भएको छ ।

राजश्व बाँडफाँड

२.४ कालीगण्डकी गाउँपालिकालाई राजश्व बाँडफाँटबाट आर्थिक वर्ष २०७९/८० मा रु ८ करोड ५१ लाख प्राप्त हुने अनुमान रहेकोमा रु ६ करोड ७८ लाख प्राप्त भएको थियो। जुन अनुमान गरे भन्दा रु १ करोड ७३ लाख कमी (२०.४ प्रतिशतले कमी) हो । चालु आर्थिक वर्ष २०८०/८१ मा रु ८ करोड ३४ लाख राजस्व प्राप्त हुने अनुमान गरिएकोमा चालु आर्थिक बर्षको चैत मसान्तसम्म रु ५ करोड ५ लाख प्राप्त भएको छ । जुन अनुमान गरिएको रकमको ६०.६ प्रतिशत हो ।

चार्ट २.२: राजश्व बाँडफाँडबाट प्राप्त आयको अंश

स्रोतः कालिगण्डकी गाउँपालिका, २०८०

२.५ प्रदेश सरकार र गाउँपालिकाबीच बाँडफाँड हुने घर जग्गा रजिष्ट्रेशन दस्तुर गत आर्थिक गत आर्थिक वर्षमा रू. ४ लाख प्राप्त हुने अनुमान गरिएकोमा रु. ३ लाख ६० हजार प्राप्त भएको थियो । चालु आर्थि वर्ष २०८०/८१ मा रु. ४ लाख प्राप्त हुने अनुमान गरिएकोमा चैत मसान्तसम्म रु. ५ लाख ३६ हजार प्राप्त भएकोछ । जुन अनुमान गरेको भन्दा ३३.२ प्रतिशतले बढी हो।

२.६ मूल्य अभिबृद्धि कर र अन्तशुल्कबाट बाडफाँड भई प्राप्त हुने राजस्व रकम गत आर्थिक वर्षमा रु. ७ करोड ९२ लाख अनुमान गरिएकोमा रु. ६ करोड २४ लाख प्राप्त भएको थियो जुन अनुमान गरिएको रकमको ७८.८ प्रतिशत हो । चालु आर्थिक वर्ष २०८०/८१ मा रु. ७ करोड ७६ लाख प्राप्त हुने अनुमान गरिएकोमा चालु बर्षको चैत मसान्तसम्म रु ४ करोड ५५ लाख अर्थात ५८.६ प्रतिशत प्राप्त भएकोछ ।

२.७ गत आर्थिक वर्षमा सवारी साधान कर रु. ४८ लाख ८४ हजार प्राप्त हुने अनुमान गरिएकोमा रु. ५० लाख ४१ हजार प्राप्त भएको थियो । सवारी साधान कर लक्ष्यको तुलनामा १०३.२ प्रतिशत प्राप्त भएको थियो । चालु आर्थिक वर्षमा रु. ५४ लाख २७ हजार प्राप्त हुने अनुमान गरिएकोमा चालु बर्षको चैत मसान्त सम्म रु. ४५ लाख २० हजार प्राप्त भएको छ। जुन अनुमानित रकमको ८३.३ प्रतिशत हो ।

२.८ दहत्तर बहत्तरको बिक्रीबाट प्राप्त हुने आय गत आर्थिक वर्षमा रु ७ लाख अनुमान गरिएकोमा आम्दानी प्राप्त भएको थिएन । चालु आर्थिक वर्ष २०८०/८१ मा समेत दहत्तर बहत्तरको बिक्रीबाट राजस्व प्राप्त शून्य रकम अनुमान गरिएको छ । सर्वोच्च अदालतले कालीगण्डकी नदीबाट दहत्तर बहत्तर उत्खन्न गर्न रोक लगाएको र आधीखोला नदीको एउटा घाट आय ठेक्कामा जान नसकेको हुँदा आम्दानी प्राप्त नहुने अनुमान रहेको छ ।

रोयल्टी बाँडफाँड

२.९ कालीगण्डकी गाउँपालिकाले रोयल्टी बाँडफाँड अन्तर्गत विद्युत रोयल्टी र वन रोयल्टी वापतको रकम प्राप्त गर्दछ । कालीगण्डकी जलविद्युत आयोजनाबाट हुने १४४ मेगावाट उत्पदान अनुसार प्राप्त हुने विद्युत रोयल्टी गत आर्थिक वर्षमा रु. ५ करोड अनुमान गरेकोमा रु ४ करोड ९१ लाख प्राप्त भएको थियो । चालु आर्थिक वर्षमा रु ५ करोड प्राप्त हुने अनुमान गरिएकोमा सो भन्दा बढि रु ५ करोड २८ लाख प्राप्त भएको छ । त्यसैगरि, वन रोयल्टी रु ७ हजार ९ सय २७ प्राप्त भएको छ ।

स्रोतः कालिगण्डकी गाउँपालिका, २०८०

नेपाल सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण

२.१० कालीगण्डकी गाउँपालिकाले नेपाल सरकारबाट वित्तिय समानिकरण, शसर्त, विशेष र समपुरक गरी चार किसिमको अनुदान प्राप्त गर्ने गरेकोछ । गत आर्थिक वर्षमा रु ४२ करोड ३० लाख वित्तीय हस्तान्तरण हुने अनुमान गरिएमा रु ३८ करोड ५१ लाख अर्थात ९१.१ प्रतिशत प्राप्त भएको थियो । चालु आर्थिक वर्ष २०८०/८१ मा रु. ३५ करोड ३६ लाख वित्तीय हस्तान्तरण हुने अनुमान गरिएकोमा चालु आर्थिक वर्षको चैत मसान्तसम्म वित्तीय हस्तान्तरण बाट रु २१ करोड ६ लाख(५९.५ प्रतिशत) प्राप्त भएको छ ।

स्रोतः कालिगण्डकी गाउँपालिका, २०८०

२.११ गत आर्थिक वर्ष समानीकरण अनुदान मार्फत वित्तीय हस्तान्तरण हुने कुल रकमको ९२.५ प्रतिशत प्राप्त भएको थियो । चालु आर्थिक वर्षको चैत मसान्तसम्म समानिकरण अनुदान अनुमान गरिएको रकमको ५५.७ प्रतिशत प्राप्त भएको छ ।

२.१२ नेपाल सरकारबाट प्राप्त हुने चालु र पुँजीगत सशर्त अनुदान गत आर्थिक वर्ष रु २७ करोड ३७ लाख अनुमान गरिएकोमा रु २४ करोड ४३ लाख प्राप्त थियो । जुन अनुमान गरिए भन्दा १०.७ प्रतिशत न्यून प्राप्त भएको थियो । चालु आर्थिक वर्ष २०८०/८१ मा चालु र पुँजीगत शसर्त अनुदान रु २१ करोड ७१ लाख प्राप्त हुने अनुमान गरिएमा चालु आर्थिक वर्षको चैत मसान्तसम्म रु १४ करोड २३ लाख प्राप्त भएकोछ । जुन अनुमान गरिएको रकमको ६५.५ प्रतिशत हो ।

२.१३ आर्थिक वर्ष २०७९/८० मा प्यूघाँ लिफ्टिङ सिँचाई आयोजना र वडा नं ३ को स्वास्थ्य चौकी निर्माणको लागि रु २ करोड विशेष अनुदान पूँजीगत प्राप्त हुने अनुमान गरिएकोमा रु १ करोड ९६ लाख प्राप्त भएको थियो । चालु आर्थिक वर्ष २०८०/८१ मा रु ५० लाख विशेष अनुदान पूँजीगत प्राप्त हुने अनुमान गरिएकोमा चालु वर्षको चैत मसान्तसम्म सो योजनाको लागि कुनै पनि रकम प्राप्त भएको छैन ।

२.१४ विशेष अनुदान चालु अन्तर्गत आर्थिक वर्ष २०७९/८० मा कुनै पनि योजना नरहेको र चालु आर्थिक वर्ष २०८०/८१ मा पोषण कार्यक्रमको लागि रु १ करोड प्राप्त हुने अनुमान गरिएकोमा चालु आर्थिक वर्षको चैत मसान्तसम्म रु २० लाख प्राप्त भएकोछ ।

२.१५ समपुरक अनुदान अन्तर्गत आर्थिक वर्ष २०७९/८० मा दुई वटा योजनाको लागि रु २ करोड विनियोजन भएकोमा रु २ करोड नै प्राप्त भएको थियो । चालु आर्थिक वर्ष २०८०/८१ मा रु १ करोड ५० लाख प्राप्त हुने अनुमान गरिएकोमा २०८० साल चैत मसान्तसम्म रु. १ करोड २५ लाख मात्र प्राप्त भएको छ ।

गण्डकी प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण

२.१६ कालीगण्डकी गाउँपालिकालाई गण्डकी प्रदेश सरकारबाट समानीकरण, विशेष, समपूरक र सशर्त अनुदान प्राप्त हुने गरेकोछ । चालु आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण अनुदान रु. २ करोड ३२ लाख रहेकोमा चालु आर्थिक वर्षको चैत मसान्तसम्म रु. १ करोड ४६ लाख अर्थात ६२.९ प्रतिशत प्राप्त भएको छ । गत आर्थिक वर्षमा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण अनुदान अनुमान

गरेको रु २ करोड ९८ लाख मध्ये रु २ करोड ८३ लाख अर्थात ९४.९ प्रतिशत प्राप्त भएको थियो ।

स्रोतः कालिगण्डकी गाउँपालिका, २०८०

२.१७ आर्थिक वर्ष २०७९/८० मा प्रदेश सरकारबाट हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान रु. १ करोड २९ लाख अनुमान गरिएकोमा रु. १ करोड ६ लाख प्राप्त भएको थियो । जुन कुल प्राप्त हुने अनुदान भन्दा १७.८ प्रतिशतले कम हो । चालु आर्थिक वर्ष २०८०/८१ मा रु. १ करोड २२ लाख वित्तीय समानीकरण अनुदान हस्तान्तरण हुने अनुमान गरिएकोमा चालु आर्थिक वर्षको चैत मासन्त सम्म रु. ९१ लाख ७८ हजार अर्थात ७५.२ प्रतिशत हस्तान्तरण भएको छ ।

२.१८ गत आर्थिक वर्ष पुँजीगत तर्फ विशेष अनुदान रु. ५० लाख प्राप्त हुने अनुमान रहेकोमा सत प्रतिशत प्राप्त भएको थियो । चालु आर्थिक वर्षमा रु. ५० लाख अनुमान गरिएकोमा चालु वर्षको चैत मसान्तसम्म रु. २५ लाख प्राप्त भएको छ ।

२.१९ प्रदेश सरकारबाट हस्तान्तरण हुने समपुरक अनुदान गत आर्थिक बर्षमा रु. १ करोड २६ लाख प्राप्त हुने अनुमान रहेकोमा सत प्रतिशत प्राप्त भएको थियो । चालु आर्थिक वर्षमा रु. ६० लाख प्राप्त हुने अनुमान रहेकोमा चालु वर्षको चैत मसान्तसम्म रु. ३० लाख प्राप्त भएको छ ।

स्थानीय खर्च

२.२० कालीगण्डकी गाउँपालिकाको गत आर्थिक वर्षको चालु खर्च रु. ३७ करोड ९७ लाख अनुमान गरिएकोमा रु. ३१ करोड ३८ लाख खर्च भएको थियो । जुन कुल चालु खर्चको ८२.६ प्रतिशत हो । चालु आर्थिक वर्ष २०८०/८१ मा रु. ३७ करोड ४६ लाख चालु खर्च अनुमान गरिएकोमा चालु आर्थिक वर्षको चैत मसान्तसम्म रु. २२ करोड ११ लाख अर्थात ५९.०२ प्रतिशत खर्च भएको छ ।

चार्ट २.६: चालु खर्चको अवस्था

स्रोतः कालिगण्डकी गाउँपालिका, २०८०

२.२१ आर्थिक वर्ष २०७९/८० मा रु. ३१ करोड ९८ लाख पुँजीगत खर्च अनुमान गरिएकोमा रु. २४ करोड ८२ लाख अर्थात ७७.६ प्रतिशत खर्च भएको थियो । चालु आर्थिक वर्ष २०८०/८१ मा रु. २२ करोड ४२ लाख पुँजीगत खर्च अनुमान गरिएकोमा २०८० चैत मसान्तसम्म रु ७ करोड ८० लाख अर्थात ३४.८ प्रतिशत खर्च भएको छ ।

स्रोतः कालिगण्डकी गाउँपालिका, २०८०

स्थानीय खर्चका चुनौतिहरु

२.२२ विकास निर्माणको क्षेत्रमा पुँजीगत खर्ष बढाउदै जाने नीति लिएता पनि चालु खर्चलाई निश्चित सीमाभित्र राख्ने काम चुनौतिपूर्ण रहेको छ । आन्तरिक खर्च धान्न सक्ने गरी राजश्व परिचालन गर्न सकिएको छैन । सर्वोच्च अदालतको आदेशले नदीजन्य पदार्थको उत्खन्न रोक्का गर्दा आन्तरिक राजश्वमा परिचालनमा कमी हुन गएको छ ।

३. आर्थिक विकास

स्थानीय सडक पूर्वाधारको अवस्था

३.१ भैरहवा - पोखरा जोड्ने सिद्धार्थ राजमार्गको मुख्य सडकबाट कालीगण्डकी गाउँपालिकाको सीमाना १२ कि.मी टाढा रहेकोमा कालीगण्डकी "A" जलविद्युत परियोजना जोडने जिरो — आँधीमुहान सडकले गाउँपालिकाको वडा नं ५, ६ र ७ मा पक्की सडकको पहुँच बिस्तार भएको छ ।

३.२ भारतको सीमा नाका त्रिवेणीधाम देखि चीन (तिब्बत) को सीमाना कोराला नाका जोड्ने कालिगण्डकी करिडोर सडकसम्मको पँहुचको लागि गाउँपालिकाले २ वटा मोटरेवल पुल निर्माण गरि सञ्चालनमा ल्याएको छ भने ५ वटा पुल निर्माणका क्रममा रहेका छन्।

३.३ सडक तथा यातायातको क्षेत्रमा संघ तथा प्रदेश संग साझेदारी र सहकार्य गरिएको छ। गाउँपालिकाको ७ वटै वडामा यातायातको पहुँच पुग्नेगरी बाह्मासे सडक निर्माण भैइसकेको छ । गाउँपालिका क्षेत्रभित्र कुल पक्की सडकको लम्बाई ६८ कि.मी. रहेको छ । गाउँपालिका क्षेत्र भित्र कुल ९ वटा झोलुङ्गे पुल सञ्चालनमा रहेका छन् । काठमाडौं, पोखरा, बुटवल, तम्घास, कुस्मा, बागलुङ, बेनी, जोमसोम जानको लागि दैनिक रुपमा साना-ठूला सवारी साधनबाट यातायात सुविधा उपलब्ध रहेका छन् ।

३.४ गत आर्थिक वर्षमा सडक घनत्व २.९८ प्रति वर्ग कि.मी. रहेकोमा चालु आर्थिक वर्षको चैत मसान्त सम्ममा ३.९८ पुगेको छ । गत आर्थिक वर्षमा कालोपत्रे सडक कुल ४६ कि.मी. रहेकोमा चालु आर्थिक वर्षको चैत मसान्तसम्ममा ४८ कि.मी. पुगेको छ । गत आर्थिक वर्षमा कुल २४ कि.मी. ग्राभेल सडक रहेकोमा चालु आर्थिक वर्षको चैत मसान्तसम्ममा २६ कि.मी. पुगेकोछ । त्यसैगरि, गत आर्थिक वर्षमा १४० कि.मी कच्ची धुले सडक रहेकोमा चालु आर्थिक वर्षको चैत मसान्तसम्म १४४ कि.मी पुगेकोछ । पक्की र कच्ची सडक गाउँपालिका क्षेत्रमा वसोचास गर्ने सबै नोगरिकहरुलाई ३० मिनेटको दूरीमा सडक यातायातमा पहुँच पुगेको छ।

स्रोतः कालिगण्डकी गाउँपालिका, २०८०

सिँचाईको अवस्था

३.५ कालीगण्डकीको पानीले गाउँपालिका भित्रका खेतीयोग्य जमिन, फाँट, टार सिँचाई गर्ने नीति अनुरुप आर्थिक वर्ष २०७९/८० र चालु आर्थिक वर्ष २०८०/८१ मा गरी चार वटा लिफ्टिङ सिँचाई योजनाहरुको ठेक्का सम्झौता भई निर्माणको क्रममा रहेकाछन् । टङ्लेहवा लिफ्टिङ सिँचाई, प्यूघा लिफ्टिङ सिँचाई, बारीचौर लिफ्टिङ् सिँचाई र मिर्मी फाँट लिफ्टिङ् सिँचाई आयोजनाहरुमा इनार, ट्की, पाइपलाईन, हाइटेसन लाइन निर्माणको कामहरु भइरहेकोछन् । बिर्घाटार लिफ्टिङ्ग सिँचाई योजना सम्पन्न गरी करिब १२० रोपनी जग्गामा सिँचाई सुविधा उपलब्ध भएको छ । कुल खेतीयोग्य भूमिमध्ये वर्षैभरी सिँचाई सुविधा उपलब्ध भूमि गत आर्थिक वर्ष सम्ममा ३१५ हेक्टर रहेको मा चालु आर्थिक वर्ष को चैत मसान्तसम्मा ३२० हेक्टर पुगेको छ । बाह्रै महिना सञ्चालनमा रहेका सिँचाई आयोजना संख्या १० पुगेको छ

बैंक तथा वित्तीय संस्था

३.६ कालीगण्डकी गाउँपालिका भित्र ३ वटा बैंक, २६ वटा सहकारी, ३ वटा लघु वित्त सञ्चालनमा रहेका छन् । सहकारी मध्ये गाउँपालिकाबाट सम्बन्धन प्राप्त १३ वटा,

प्रदेशबाट सम्बन्ध प्राप्त ३ वटा, उत्पादनमूलक सहकारी ९ वटा र महिला सहकारी १ वटा रहेका छन् ।

३.७ आर्थिक कारोबारमा बैंकको प्रयोग गर्ने जनसंख्यामा वृद्धि भएको छ । गाउँपालिकाले गर्ने भुक्तानीमा बैंकिङ् प्रणालीलाई अनिवार्य बनाएको छ । चालु आर्थिक वर्षमा सबै वडामा आर्थिक सचेतना कक्षा सञ्चालन गरिएको छ । १२ वटा सहकारीलाई कोपोमिसमा सहजीकरण गरिएको छ ।

३.८ चालु आर्थिक वर्षसम्ममा पालिकाभित्र संचालित सहकारीहरुको कुल शेयर पुँजी रु. ११ करोड ६५ लाख र बचत पुँजी रु. ७ करोड ८९ लाख पुगेको छ । कुल शेयर सदस्य ३९९५ मध्ये पुरुष शेयर सदस्य १७२० जना र महिला शेयर सदस्य २२७५ जना रहेका छन् । सहकारी, बैंक तथा वित्तीय संस्थामा खाता खोलि कारोवार गर्ने व्यक्तिको संख्या १२ हजार ७६ पुगेको छ । करिब ७० प्रतिशत घर परिवारमा बैंक तथा वित्तीय पहँच पुगेको अनुमान छ ।

लघु घरेलु तथा साना उद्योग

३.९ गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत क्षमता स्तअभिबृद्धिको लागि कालीगण्डकी गाउँपालिका वडा न. २ को लसर्घामा सिलाई कटाई तालिम सञ्चालन भएको छ।उक्त तालिममा ८ जना महिलाहरुको सक्रिय रुपमा सहभागिता रहेको छ ।

३.१० संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सञ्चालित नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रममा देश भरिका ७५३ वटा स्थानीय तहहरु मध्ये १०४ वटा स्थानीय तहहरु छनौट भएका छन् । कालीगण्डकी गाउँपालिका तोकिएका मापदण्डहरु पुरा गरी छनौट भएको छ । यस कार्यक्रम अन्तर्गत पहिलो चरणमा ६ वटा वडामा आर्थिक सचेतना कक्षा सञ्चालन गरि २६५ जना सहभागीहरु लाभान्वित भएका छन् ।

३.११ गाउँपालिका भित्रका उद्यमीहरुद्वारा उत्पादित विभिन्न कृषि सामाग्री,प्याकेजिङ्,हस्तकलाका सामाग्रीहरुको प्रदर्शनि गराई उत्कृष्ट उत्पादन गर्ने उद्यमीलाई ४ वटा विधामा पुरस्कृत गरिएको थियो । उक्त कार्यक्रममा ५७ जना उद्यमीबट सामाग्री प्रदर्शन गरिएको थियो ।

औद्योगिक ग्राम

३.१२ कालीगण्डकी गाउँपालिका वडा नं. ५ भपेङ्गमा औद्योगिक ग्रामको लागि रु. १६ करोड लागत इस्टिमेट सहितको डिपिआर तयार गरी जग्गा व्यवस्थापन, प्रशासकीय भवन, विद्युत प्रसारण, घेराबार, पहुँच मार्ग,ट्रस निर्माण कार्य सम्पन्न भएको छन् । कालीगण्डकी करिडोर

र शालिग्राम करिडोरको सडकको पहुँचमा पर्ने हुँदा कच्चा पदार्थ आयात र उत्पादित सामाग्री बिक्रीको लागि यो औद्योगिक ग्रामको निर्माण सम्पन्न पछि उद्योग सञ्चालन गर्न सहज हुनेछ ।

सीप विकास

३.१३ कालीगण्डकी गाउँपालिकामा सीप विकास सम्बन्धी औपचारिक तालिम हासिल गरेको संख्या ३६५ रहेको छ । चालु आर्थिक वर्षमा ७३१ जनालाई विभिन्न सीप मूलक तालिम प्रदान गरिएको छ । गत वर्षमा लक्षित वर्गका २५५ जना व्यक्तिहरुलाई सीपमूलक तालिम प्रदान गरिएको थियो।

श्रम तथा रोजगारी

३.१४ राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिका कुल बेरोजगारी ४५.७ प्रतिशत र आर्थिक क्षेत्रमा रोजगारी ५४.३ प्रतिशत रहेको छ । औपचारिक क्षेत्रको हिस्सा ३० प्रतिशत रहेको छ । दर्ता भएका कुल बेरोजगार व्यक्ति संख्या गत आर्थिक वर्षमा ७४२ रहेकोमा चालु वर्षको चैत मसान्तसम्म ५१५ जना रहेका छन् । न्यूनतम रोजगारी प्राप्त गरेका सूचीकृत बेरोजगारहरुको संख्या गत आर्थिक वर्षसम्मको उपलब्धि ८१ जना रहेकोमा चालु आर्थिक वर्षको चैत मसान्त सम्म २५ जना रहेको छ ।

३.१५ प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत सञ्चालित योजना गत आर्थिक वर्षमा १७ वटा रहेकोमा चालु आर्थिक वर्षमा २१ वटा रहेका छन् । प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत प्राप्त गरेको रोजगार दिन गत आर्थिक वर्षमा ७४४२ दिन रहेकोमा चालु आर्थिक वर्षको चैत मसान्त सम्म ११६० दिन रहेकोछ । रोजगार कार्यक्रम अन्तर्गत गत वर्ष ८५.३ प्रतिशत खर्च भएको थियो भने चालु आर्थिक वर्षको चैत मसान्त सम्म १४.६ प्रतिशत खर्च भएकोछ । रोजगार प्राप्त गरेको औषत दिन गत आर्थिक वर्षमा ९२ दिन रहेको थियो भने चालु आर्थिक वर्षको चैत मसान्त सम्म ४६ दिन रहेको छ ।

३.१६ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनको लागि संघीय सरकार र गाउँपालिकाले गत आर्थिक वर्षमा रु १ करोड ५० लाख बजेट विनियोजन गरेकोमा रु. १ करोड ३८ लाख खर्च भएको थियो । चालु आर्थिक वर्षमा रु.१ करोड १३ लाख विनियोजन भएकोमा चालु वर्षको चैत मसान्तसम्म रु. ७ लाख ८९ हजार खर्च भएको छ ।

व्यवसाय दर्ता

३.१७ कालीगण्डकी गाउँपालिका भित्र वडा कार्यालय र गाउँपालिकाको कार्यालयमा वार्षिक रुपमा नयाँ दर्ता भएका व्यवसायको संख्या गत आर्थिक वर्षमा ३७ वटा रहेकोमा चालु आर्थिक वर्षको चैत मसान्तसम्म २४ वटा थपिएको छन् । गत आर्थिक वर्षमा व्यवसाय दर्ताबाट रु १८ हजार ५ सय राजश्व प्राप्त भएकोमा चालु आर्थिक वर्षको चैत मसान्तसम्म रु १५ हजार ५ सय प्राप्त भएकोछ ।

वाणिज्य र बजार अनुगमन

३.१८ कालीगण्डकी गाउँपालिकाको मुख्य बजार केन्द्रहरु वडा नं. ७ को मिर्मी बजार, वडा नं. ६ को छाप र वडा नं ५ को जैपते हुन । वडा नं ७ मा २६ वटा थोक तथा किनारा पसल, ११ वटा कपडा पसल, २ वटा हार्डवेयर पसल, २ वटा भाडा पसल, ४ वटा सुन चाँदी पसल, २२ वटा रेष्टुरेन्ट, ७ वटा होटल, २ वटा इलेक्ट्रिक पसल, ३ वटा औषधी पसल, ३ वटा फर्निचर व्यवसायहरु सञ्चालनमा रहेका छन् । बजार व्यवस्थापनको लागि मिर्मी बजार व्यवस्थापन समिति सञ्चालनमा रहेकोछ ।

३.१९ गाउँपालिकाले मुख्य चाडपर्वको समयमा सरोकारवाला संग समन्वयमा बजार अनुगमन गरि म्याद गुज्रिएका र कमसल सामानहरु जफद गरि नष्ट गर्ने गरेको छ ।

कृषि उत्पादन

३.२० कालीगण्डकी गाउँपालिकाले कृषिमा नागरिकहरुलाई आकर्षित गराई बाँझो जमिनको सदुपयोग गर्न विभिन्न आयोजनाहरु सञ्चालन गर्दै आएकोछ । व्यवसायिक फूल खेती, नमुना ड्रागन फल खेती, कागती मिसन कार्यक्रम, ताजा तरकारी, हाइटेक नर्सरी जस्ता कार्यक्रमहरु सञ्चालन भएका छन् भने ५ वटा ठूला लिफ्टिङ आयोजनाहरु संचालनमा रहेकाछन् ।

३.२१ कालीगण्डकी गाउँपालिकामा कृषि क्षेत्रमा संलग्न जनसंख्या ८५.० प्रतिशत रहेको छ । कृषि क्षेत्रमा भएका उपलब्धीहरुमा पूर्वाधार तथा संरचनागत सुधार, र उत्पादन तथा आय क्षेत्रसँग भएका सुधार रहेका छन् । गत वर्ष र चालु आर्थिक वर्षमा गरी १५ मे.ट. फूल उत्पादन, ४९ मे.ट कागती उत्पादन भएको छ।

३.२२ आर्थिक वर्ष २०७९/८० मा कृषिमा आधुनिक यान्त्रिकरण अवलम्वन गरेका कृषकको संख्या २० प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको चैत मसान्त सम्म १० प्रतिशतले वृद्धि भई ३० प्रतिशत पुगेको छ । व्यावसायिक कृषि फर्मको संख्या गत आर्थिक वर्षमा ७०

रहेकोमा चालु आर्थिक वर्षमा बढेर ८० पुगेको छ । आधुनिक कृषि प्रणालीमा दक्षता प्राप्त गरेका कृषकको संख्या चालु आर्थिक वर्षको चैत मसान्तसम्म ५० प्रतिशत पुगेकोछ । माटोको गुणस्तर परीक्षण गराउने घरधुरीको संख्या गत आर्थिक वर्षमा २० रहेकोमा चालु आर्थिक वर्षमा २५ पुगेको छ ।

स्रोतः कालिगण्डकी गाउँपालिका, २०८०

३.२३ चालु आर्थिक वर्षको २०८० साल भाद्र देखि कार्तिक महिनामा गाउँपालिका भित्रका ७ वटा वडामा हिउदे तरकारी बाली अन्तर्गत काउली, बन्दा,ब्रोकाउलीको नर्सरी स्थापना गरी करीव १ लाख ५० हजार बेर्ना वितरण गरिएको छ । त्यसैगरि, फाल्गुनदेखि बैशाख सम्ममा २० हजार लहरे तरकारी बालीका बेर्ना वितरण गरिएको छ । हिउँदे तरकारी तथा लहरे तरकारी बालीका बेर्ना बितरणबाट करीव ७०० घरधुरी लाभान्वित भएका छन् ।

३.२४ चालु आर्थिक वर्षमा ४१५ कृषकलाई ५० प्रतिशत अनुदानमा ५८०० किलोग्राम गौतम जातको गहुँको बिउ वितरण गरिएको छ । त्यसैगरि, ७५० कृषक परिवारलाई ५ हजार किलो मकैको विउ ५० प्रतिशत अनुदानमा वितरण गरिएकोछ । साथै, वडा नं ५ मा २४ क्विन्टल,वडा नं. ७ मा ३४ क्विन्टल आलुको बिउ वितरण गरिएकोछ ।

पशुपालन

३.२५ कालीगण्डकी गाउँपालिकामा कृषिलाई सहायक वा मुख्य पेशा बनाएका नागरिकहरुले कम्तिमा एक वटा भैसी पालन गरी दुध उत्पादन गरेका छन् । बजार क्षेत्रका केही

घर बाहेक सबै घर परिवारहरुले घरसँगै गोठ, खोर निर्माण गरी गाई, भैसी, बाख्रा, कुखुरा, बंगुर पालन गरी पारिवारिक उपभोगमा केही महिनासम्मलाई पुग्ने उत्पादन हुने गरेकोछ । व्यावसायिक रुपमा दुध उत्पादन गर्ने ३ वटा फर्महरु रहेका छन् । गाई भैसीबाट दैनिक सरदर ३,००० लिटर दूध उत्पादन हुने गरेकोछ।

३.२६ "हेफर"सँग साझेदारीमा २२ वटा विभिन्न कृषि र पशुपालन सम्बन्धि क्रियाकलापहरु सञ्चालन भएका छन् । गत आर्थिक वर्ष देखि चालु आर्थिक वर्षको चैत मसान्त सम्ममा २५९ वटा बाख्रा, १७० वटा बंगुर, ३० वटा गाई/भैसी वितरण भएका छन्।त्यसैगरि, १७४ वटा खोर निर्माण तथा भकारो सुधार, र १५ वटा तौल मेसिन, १५ वटा चाफकटर, २० वटा टनेल, १०४३ घर परिवारलाई तरकारी बिउ वितरण गरिएको छ । साथै, एउटा डेरी उद्योग स्थापना गरिएको छ ।

३.२७ चालु आर्थिक वर्षको चैत मसान्तसम्म ३० वटा गाई भैसीहरुमा कृत्रिम गर्भाधारण गराईएको छ । ३८ वटा पशुपालक समूहहरुले सक्रिय रुपमा तालिम तथा अभिमुखिकरण कार्यक्रममा सहभागि छन् । गाउँपालिकाले हरेक वर्ष घाँसको बिउ र बेर्ना निशुल्क वितरण गर्दै आएको छ । वार्षिक रुपमा घास उत्पादन ११२ मे. टन रहेकोछ । बाख्रापालन फर्म ३६ वटा, बंगुर पालन फर्म २२ वटा, मत्स्य फर्म २ वटालाई अनुदान प्रदान गरिएकोछ ।

४. सामाजिक विकास

स्वास्थ्य सम्बन्धी आधारभूत सुचक

४.१ कालीगण्डकी गाउँपालिकाका नागरिकहरुको सामान्य स्वास्थ्य उपचार निशुल्क गरिएकोछ । नि:शुल्क स्वास्थ्य बीमा, दीर्घ रोगीको नि:शुल्क औषधी वितरण, घातक रोगको लागि आर्थिक सहायता जस्ता कार्यक्रम मार्फत गाउँपालिका नागरिकहरुले स्वास्थ्य सुविधा प्राप्त गरेका छन् । स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन १५ शैयाको अस्पताल, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र, गाउँघर क्लिनिक, खोप केन्द्रहरु सञ्चालन गरिएकोछ ।

४.२ आर्थिक वर्ष २०७९/८० मा दुई वर्ष मुनिका कम तौल हुने बालबालिका संख्या २५ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको चैत मसान्तसम्म घटेर ६ प्रतिशत पुगेको छ । प्रोटोकल अनुसार चार पटक पूर्व प्रसूति सेवा प्राप्त गर्ने महिला संख्या ५५.० प्रतिशतबाट वृद्धि भई चालु आर्थिक वर्षको चैत मसान्त सम्म ७३.० प्रतिशत पुगेकोछ । गाउँपालिकालाई २ वर्ष भित्र पोषण मैत्री पालिका घोषणा गर्नको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएकोछ ।

स्रोतः कालिगण्डकी गाउँपालिका, २०८०

स्वास्थ्य सेवा केन्द्र

